# संघीय संसद
# प्रतिनिधि सभा

चौथो अधिवेशन

बैठक संख्या - ४०

## दैनिक कार्यसूची

२०७६ साउन १३ गते

**सोमबार**

दिनको १:०० बजे

### प्रश्नोत्तर

१. यसैसाथ संलग्न सूचीमा रहेको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सम्बन्धी मौखिक प्रश्नहरु सोधिने र तिनको उत्तर दिइने ।

### प्रतिवेदन पेश

२. उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिका मा० सभापति श्री विमलप्रसाद श्रीवास्तवले :-

(क) "सेफगार्ड, एन्टी-डम्पिङ तथा काउण्टरभेलिङ विधेयक सम्बन्धी समितिको प्रतिवेदन, २०७६" पेश गर्नुहुने ।

(ख) "औद्योगिक व्यवसाय विकास प्रतिष्ठान (पहिलो संशोधन) विधेयक सम्बन्धी समितिको प्रतिवेदन, २०७६" पेश गर्नुहुने ।

३. कानून, न्याय तथा मानव अधिकार समितिका मा० सभापति श्री कृष्णभक्त पोखेलले "प्रशासकिय अदालत विधेयक सम्बन्धी समितिको प्रतिवेदन, २०७६" पेश गर्नुहुने ।

४. राज्य व्यवस्था तथा सुशासन समितिका मा० सभापति श्री शशि श्रेष्ठले "प्रहरी समायोजन विधेयक सम्बन्धी समितिको प्रतिवेदन, २०७६" पेश गर्नुहुने ।

### व्यवस्थापन कार्य

५. मा० कृषि तथा पशुपंक्षी विकास मन्त्री श्री चक्रपाणी खनालले "जीवनाशक विषादी व्यवस्थापन विधेयक, २०७५ का सम्बन्धमा राष्ट्रिय सभाबाट भएको संशोधनमाथि विचार गरियोस्" भनी प्रस्ताव प्रस्तुत गर्नुहुने ।

६. मा० भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री श्री पद्‌मा कुमारी अर्यालले "भूउपयोग विधेयक, २०७५ का सम्बन्धमा राष्ट्रिय सभाबाट भएको संशोधनमाथि विचार गरियोस्" भनी प्रस्ताव प्रस्तुत गर्नुहुने ।

मनोहरप्रसाद भट्टराई
संघीय संसदको महासचिव